## दुई शब्द

यहाँ मेरो हृदयको उद्गारलाई व्यक्त गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । भारतीय विश्वविद्यालयमा नेपालीमा स्नातकोत्तर कक्षा प्रारम्भ गर्ने उत्तर बंग विश्वविद्यालयले मलाई प्राध्यापिकाको हैसियतले निर्देशक बिना स्वतंत्र रूपले पी-एच०डी० गर्ने सुबिधा प्रदान गरेकोमा म उक्त विश्वविद्यालयप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्छु ।

उत्तर बंग विश्वविद्यालयका नेपाली विभागका भूतपूर्व प्रमुख डा० तुलसी बहादुर क्षेत्री, जवाहरलाल नेहरू विश्वविद्यालयका प्रोफेसर ईश्वर बराल, चिकित्सा विज्ञान संस्थान, काशी हिन्दू विश्वविद्यालयका प्रोफेसर लोकेन्द्रमान सिंहले मलाई शोधकार्यको सम्बन्धमा समय समयमा दिनु भएको प्रोत्साहन र वहाँहरूसित भएको शैक्षिक वार्तालाप-बाट मलाई धेरै उत्साह र आत्मबल प्राप्त भयो । त्यसका निमित्त वहाँहरूप्रति म हार्दिक आभार प्रकट गर्छु । काशी हिन्दू विश्वविद्यालयका डा० डिल्लीराम तिमसिनाले शोधकार्यको प्रारम्भदेखि अन्तसम्म मलाई दिएको अमूल्य सल्लाह, सहयोग र मार्गदर्शनको निमित्त म वहाँको ऋणी छु ।

मेरा श्रीमान् प्रोफेसर टीकाराम शर्माले मलाई दिनु भएको प्रेरणा र नैतिक बलले मात्र यो कार्य सफल हुन सक्यो अन्यथा सम्भव थिएन । वहाँसित भएको शैक्षिक बहसबाट मैले ठूलो फाइदा उठाएको छु । मेरा भतिजा एकलव्य शर्माले यस शोधकार्यको समयमा भेपरिआएका विभिन्न कार्यहरूमा सझाउ पुर्याएर मेरो बोझ हलुंगो गरिदिए । मेरो व्यस्ततालाई देखेर स्कूल विद्यार्थी मेरा छोराहरू शुभाशीष र सुशान्तले मप्रति सधैं देखाएको माया र खुशीको व्यवहारले मैले शान्तिपूर्वक यो कार्य सम्पन्न गर्न सकें । खरसांग शर्मा परिवारबाट पाएको प्रोत्साहन र प्रेरणाका निम्ति म आफूलाई भाग्यशाली सम्झन्छु ।

अन्तमा हिन्दी भाषी भएर पनि रुचिपूर्वक यो शोध प्रबन्धको टाइप गरेकोमा श्री कैलाश नाथ श्रीवास्तवलाई धन्यवाद नदिइ रहन सक्तिन ।

विष्णु

(श्रीमती विष्णु शर्मा)

बुद्धपूर्णिमा, ४ मई १९८५
वाराणसी